# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## लोमान्थाङ गाउँपालिका
## मुस्ताङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था ह'ने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ९९ मितिः २०७९।३।२५

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
लोमान्थाङ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
मुस्ताङ ।

**कैफियत सहितको राय**

हामीले लोमान्थाङ गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.१ करोड १ लाख ९५ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रू. ८८ लाख ६५ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू २९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४ लाख ८७ हजार, र नियमित गर्नुपर्ने रू. ८ लाख १४ हजार रहेको छ ।पालिकाको गतवर्ष रु. १ करोड २२ लाख ८९ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.५७ लाख ५१ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

## लोमान्थाङ गाउँपालिका

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५१ | १५ | १०१९५ | ० | ११ | ८८६५ | ५१ | ४ | १३३० | २९ | ८१४ | ४८७ | ० | ० | १३०१ | ० |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मुस्ताङ | १२२८९ | ० | ७८६८ | ४४२१ | ० | १३३० | ५७५१ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : लोमन्थाङ गाउँपालिका, मुस्ताङ , लोमनथांग गाउँपालिका , मुस्ताङ

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | buddhiram upadhyay | २०७८-१२-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | ujwal chapain | २०७६-८-२७ | |
| | | **बेरुजु रकम** | १,३३०,०८१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ११,७९,१५,१७०.३७ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | १६,७०,८२,२९० | चालु खर्च | ११,१२,४७,८०८.९६ |
| प्रदेश सरकारबाट अनुदान | २,७२,४५,००० | पूँजीगत खर्च | ९,९६,६६,५८१ |
| राजश्व बाँडफाँट | ३,१३,६०,११७.५७ | वित्तीय/अन्य व्यवस्था | ४,८९,९७,७५०.१३ |
| आन्तरिक आय | १४,०४,२६७.२१ | | |
| अन्य आय | ३,१२,९६,९८५.५९ | | |
| कुल आय | २५,८३,८८,६६०.३७ | कुल खर्च | २५,९९,१२,१४०.०९ |
| बाँकी मौज्दात | | ११,६३,९१,६९०.६५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्धेश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्धेश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत 5 वडा, 23 सभा सदस्य, 727 वर्ग किलोमिटर क्षेत्रफल तथा 1 हजार 995 जनसंख्या रहेको छ । | |

| सि.नं. | आय | | सि.नं. | व्यय | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गतवर्षको जिम्मेवारी** | | १ | **संघीय समानीकरण अनुदान** | |
| | क. स्थानीय संचितकोष खाता | ७७०८२९२७.०५ | | क. चालु | ३३१०१२२४.१६ |
| | ख. चालु खर्च खाता | २४६९९४५७.५५ | | ख. पूंजीगत | १०३४९९९८.६१ |
| | ग. पूँजीगत खर्च खाता | ८७२२६८१.८० | २ | **संघीय सशर्त अनुदान** | |
| | घ. स्थानीय तह धरौटी खाता | 534756.00 | | क. चालु | ४४०३३४६३.८0 |
| | ङ. प्रकोप व्यवस्थापन कोष खाता | ६८७५३४७.९७ | | ख. पूंजीगत | ९४३३१४७.४५ |
| २ | **राजश्व आय** | | ३ | **संघीय समपुरक अनुदान** | **४०६०६३५.00** |
| | क. आन्तरिक राजश्व | १४०४२६७.२१ | ४ | **आन्तरिक स्रोत** | |
| | ख. संघीय राजश्व वांडफाड | २९५२४५१८.५७ | | क. चालु | ३३९२११२१.00 |
| | ग. प्रदेश राजश्व वांडफांड | १८३५५९९.०० | | ख. पूंजीगत | ४६५२६७२५.१६ |
| ३ | **संघीय सरकारबाट हस्तान्तरण** | | ५ | **संघीय राजश्व वाँडफाँड** | |
| | क. वित्तीय समानीकरण अनुदान | ६६००००००.00 | | क. चालु | १९२०००.00 |
| | ख. सशर्त अनुदान | ८६६८२२९०.00 | | ख. पूंजीगत | २२९६५९६०.६५ |
| | ग. समपुरक अनुदान | १४४०००००.00 | ६ | **प्रदेश राजश्व वांडफांड पूँजीगत** | **1209000.00** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| सि.नं. | आय | | सि.नं. | व्यय | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| ४ | **प्रदेश सरकारबाट हस्तान्तरण** | | ७ | **प्रदेश वित्तीय समानिकरण पूँजीगत** | **9181749.13** |
| | क. वित्तीय समानीकरण अनुदान | १२२४५०००.00 | ८ | **प्रदेश समपूरक अनुदान** | **४३८२९८०.८६** |
| | ख. समपूरक अनुदान | 5000000.00 | ९ | **प्रदेश सशर्त अनुदान** | **१००००००००.00** |
| | ग. सशर्त अनुदान | १००००००००.00 | १० | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | |
| ५ | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | | | क. सामाजिक सुरक्षा | 8995400.00 |
| | क. सामाजिक सुरक्षा | 8995400.00 | | ख. स्थानीय पूर्वाधार विकास साझेदारी | 6741367.77 |
| | ख. स्थानीय पूर्वाधार विकास साझेदारी | 6741367.77 | | ग. सामाजिक विकास मन्त्रालय | 1869330.00 |
| | ग. सामाजिक विकास मन्त्रालय | 1869330.00 | | घ. एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | 7000000.00 |
| | घ. एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | 7000000.00 | ११ | **धरौटी फिर्ता** | **2087756.00** |
| **6** | **कार्यसंचालन कोष** | | 12 | **कार्यसंचालन कोष** | |
| | क. प्रकोप व्यवस्थापन कोष | १०४३७४७.00 | | क. प्रकोप व्यवस्थापन कोष | १९१८५३३.५० |
| | ख. विविध खर्च खाता | १९४१७४७.00 | | ख. विविध खर्च खाता | १९४१७४७.00 |
| | ग. लैंगिक हिंसा निवारण कोष | 100000.00 | १३ | **मौज्दात रकम (स्रेस्ता अनुसार)** | |
| ७ | **धरौटी प्राप्ती** | **3515393.82** | | क. चालु खर्च खाता | 575356.69 |
| ८ | **अन्य प्राप्ती** | **९००००.00** | | ख. पूंजीगत खर्च खाता | 20582040.37 |
| | | | | ग. स्थानीय तह संचितकोष खाता | ८७१४१३३८.३0 |
| | | | | घ. धरौटी खाता | १९६२३९३.८२ |
| | | | | ङ. प्रकोप व्यवस्थापन कोष खाता | ६०००५६१.४७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| सि.नं. | आय | | सि.नं. | व्यय | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| | | | | च. लैंगिक हिसा निवारण कोष खाता | 100000.00 |
| | | | | छ. पूँजीगत खर्च खाता (नेपाल बैंक) | ३००००.00 |
| | जम्मा | 376303830.74 | | जम्मा | 376303830.74 |

२

**वित्तिय विवरण**

वित्तीय विवरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (शुत्र)बाट प्राप्त हुने म.ले.प. फा.नं. 272 को ढाँचामा वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ । पालिकाले वित्तीय प्रतिवेदन तयार गर्दा स्थानीय साझेदारी विकास कार्यक्रम, सामाजिक सुरक्षा, एकीकृत स्वास्थ्य पूर्वाधार विकास लगायतका कार्यक्रममा भएका कारोबार शुत्र प्रणालीमा समावेश गरेको पाइएन । पालिकाले आर्थिक कारोबार गर्दा शुत्र प्रणालीलाई पूर्णरुपमा अवलम्बन गरी तोकेबमोजिमका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

३

**बैक हिसाव मिलान**

बैक हिसाब मिलान – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको पाइएन । जसको कारण निम्नानुसार मौज्दातमा फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने देखिन्छ ।

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| 1. | आन्तरिक राजस्व खाता | ०.०० | १२६५९५५.२१ | १२६५९५५.२१ |
| 2. | बाँडफाँडबाट प्राप्त राजस्व खाता | ०.०० | ३१३६०११५.०४ | ३१३६०११५.०४ |
| 3. | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक अनुदान खाता | ०.०० | ५१६७४९५०.०० | ५१६७४९५०.०० | | |
| | | | | 4. | चालू खर्च खाता- जोर वर्ष | ५७५३५६.६९ | ३१९५२६१.०० | २६१९९०४.३१ | | |
| | | | | 5. | पुँजीगत खर्च खाता- जोर वर्ष | २०५८२०४०.३७ | २४७२३९२७.२३ | ४१४१८८६.८६ | | |
| | | | | 6. | पुँजीगत खर्च खाता (नेपाल बैंक) | ३००००.०० | ३००००.०० | ०.०० | | |
| | | | | 7. | स्थानीय तह धरौटी खाता | १९६२३९३.८२ | ७२३७६७.७३ | -१२३८६२६.०९ | | |
| | | | | 8. | स्थानीय तह सञ्चित कोष खाता | ८७१४१३३८.३० | २७२३३१८.०५ | -८४४१८०२०.२५ | | |
| | | | | 9. | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ६०००५६१.४७ | ६०२२७९४.४७ | २२२३३.०० | | |
| | | | | 10. | लैंगिक हिंसा निवारण कोष खाता | १०००००.०० | १०००००.०० | ०.०० | | |
| | | | | **जम्मा** | | **116391690.65** | **१२१८२००८८.७३** | **५४२८३९८.08** | | |
| ४ | | | **जिम्मेवारी सारेको**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ । स्थानीय तहको आ.व. 2076/77 को लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. 117935469.27 मौज्दात कायम भएकोमा यो वर्षको शुरुमा रु. 117915170.37 जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. 20298.90 घटी जिम्मेवारी सारेको रु. 20298<br><br>**(यस कार्यालयको निर्णयानुसार प्रतिक्रयाबाट बेरुजु रकम फछ्यौट गरिएको )** | | | | | | | |
| ५ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ३ ऐन, ४ नियमावली, ११ कार्यविधि र १ नर्म्स समेत १९ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ। • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन। • तलबी प्रतिवेदन पारित नगरी तलब भत्ता भुक्तानी दिएको । • कन्टिन्जेन्सी रकम खर्च गर्ने कार्यविधि तयार नगरेको । • प्रथम चौमासिक अवधि भित्र ठेक्का सम्झौता भएको पाईएन । • रु. १० लाख भन्दा बढीको कतिपय निर्माण कार्यको बीमा नगराएको । • डोर हाजिरमा काम गर्ने कामदारको परिचय खुल्ने कागजात संलग्न राख्नुपर्ने । • कतिपय पुरानो सामनको मुल्य नखुलेको । • इन्धन खर्चको लगबुन नराखेको । • सवारी साधन मर्मत खर्चको अभिलेख नराखेको । • मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ टीडिएस गरेको पाइएन। • धरौटीको व्यक्तिगत खाता तयार नपारेको । • निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरूको कार्य विवरण वनाई लागू गरेको पाईएन । • पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • विद्यालयगत निकासा अभिलेख खाता नराखेको । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाईएन । • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • भ्रमण अभिलेख खाता नराखेको एवं भ्रमण प्रतिवेदन लिने गरेको पाइएन। • कतिपय भ्रमण आदेशमा वास्तविक उद्देश्य नलेखी कार्यालय सम्बन्धी काम उल्लेख गर्ने गरेको • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांश पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । • कार्यालयको स्वीकृत दरबन्दीअनुसार जनशक्ति व्यवस्थापनका लागि सम्बन्धित निकायमा समन्वय गर्नु पर्दछ। • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको 2073।12।25 को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६ | | | **स्थानीय सरकार सञ्चालन एेन २०७४**<br>स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राखेको पाइएन । अतः आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राख्नुपर्दछ । | |
| ७ | | | **बजेट पेश पारित र अख्तियारी**<br>बजेट पेश, पारित र अख्तियारी - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षले २०७७।3।10 गते रु. 21 करोड 55 लाख 90 हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।3।10 मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।3।15 मा रु. 215766000.00 र मिति 2077/10/15 मा पुनः थप समेत गरी रु. 32 करोड 67 लाख 4 हजारको खर्च गर्ने अख्तियारी प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ . | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **अवकाश कोष**<br>अवकाश कोष – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले हालसम्म ऐनको व्यवस्था बमोजिम अवकाश कोषको स्थापना गरेको छैन । पालिकाले अवकाश कोषको स्थापना गरी भावी दायित्व भुक्तानी सहजतालाई सुनिश्चित गर्नुपर्दछ । | |
| ९ | | | **चौमासिक पूँजीगत खर्च**<br>चौमासिक पूँजीगत खर्चः पालिकाले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार तोकेको अवधिमा कार्यक्रम कार्यन्वयन गरी कार्य सम्पन्न गर्नुपर्दछ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप अन्तिम चौमासिकमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| विभिन्न | 118110 | 21872 | 12862 | 833७6 | 72747 |
| खर्च प्रतिशत | 100 | 18.52 | 10.89 | 70.59 | 61.59 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **क्षेत्रगत बजेट र खर्च**<br>क्षेत्रगत बजेट र खर्च - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।<br>समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | ६,७९,६१,४८७ | ५,२७,९८,८९४.४७ | ७७.६९ |
| सामाजिक क्षेत्र | ९,२६,२२,९४५ | ५,२५,७०,२६२.१४ | ५६.७६ |
| पूर्वाधार विकास क्षेत्र | ९,७१,९६,००३ | ५,३९,११,६६३.३० | ५५.४७ |
| सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्र | ३७,७५,००० | १६,२९,२४० | ४३.१६ |
| कार्य सञ्चालन तथा प्रशासनिक | ८,२२,३८,६८१ | ६,८४,४७,९४५.९१ | ८३.२३ |
| **जम्मा** | **३४,३७,९४,११६** | **२२,९३,५८,००५.८२** | **६६.७१** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ११ | | | **खर्च विश्लेषण**<br>खर्च विश्लेषण – पालिकाले यसवर्ष आन्तरिक आयबाट रु. १४०४२६७.२१ राजस्व बाँडफाँड र अनुदानबाट रु. 225687407.57 समेत रु. 227091674.78 आम्दानी गरेकोमा चालु तर्फ रु. १११२४७८०८.९६ पूँजिगत तर्फ रु. ११८११०१९६.८६ समेत रु. २२९३५८००५.८२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा 0.61 प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रु. ५५४२५६०.00 खर्च भएको छ जुन आन्तरिक आयको ३९४.६९ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट 48.99 प्रतिशत चालु र 52.01 प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण कार्यमा प्रयोजनमा न्यून खर्च गरेको, प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरीनुपर्दछ । | |
| १२ | | | **न्यायिक समिति**<br>न्यायिक समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिमा कुनै उजूरी परेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **योजना र कार्यान्वयन**<br>योजना र कार्यान्वयन – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन्: | |

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | 1 | 67200 |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | 11 | 4950993 |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | 21 | 16992835 |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | 18 | 37722800 |
| ५ | ५० लाख भन्दा माथीका | 0 | 0 |
| | **जम्मा** | **51** | **59733828** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **सार्वजनिक परिक्षण**<br>सार्वजनिक परीक्षणः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाइ दीगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले सो अनुरुपको सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाइ गरेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **खाना तथा विविध खर्च**<br>खाना तथा विविध खर्च – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ रु. 887815.00 खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १६ | | | **खर्च विश्लेषण**<br>खर्च विश्लेषण – पालिकाले यसवर्ष आन्तरिक आयबाट रु. १४०४२६७.२१ राजस्व बाँडफाँड र अनुदानबाट रु. 225687407.57 समेत रु. 227091674.78 आम्दानी गरेकोमा चालु तर्फ रु. १११२४७८०८.९६ पूँजिगत तर्फ रु. ११८११०१९६.८६ समेत रु. २२९३५८००५.८२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा 0.61 प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रु. ५५४२५६०.00 खर्च भएको छ जुन आन्तरिक आयको ३९४.६९ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट 48.99 प्रतिशत चालु र 52.01 प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण कार्यमा प्रयोजनमा न्यून खर्च गरेको, प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरीनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **कर तथा शुल्क असुली**<br>कर तथा शुल्क असुलीः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा बहाल कर, व्यवसाय कर र बहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । उल्लिखित शीर्षकमा गाउँपालिकाले आय अनुमान नगरेको र यो वर्ष जम्मा आन्तरिक आम्दानी रु. 1404267.21 देखाएको छ । उक्त आम्दानी पुष्टि हुने नगदी रसिद नियन्त्रण खाता, आय अभिलेख खाता र दाखिला समेत स्पष्ट देखिने अभिलेख गाउँपालिकाले राखेको छैन । जसले गर्दा यो वर्ष देखाइएको आन्तरिक आय यथार्थता यकिन हुन सकेन ।<br>यसैगरी गाउँपालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लेखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ । | |

| **आम्दानी शीर्षक** | **अनुमान** | **असुली रकम** | **असुली प्रतिशत** |
|---|---|---|---|
| भुमिकर/मालपोत | १९०००० | ५०७९३९ | 267.34 |
| घरवहाल कर | ३०००० | २७००६८.२१ | 900.23 |
| अन्य कर | ६०००० | ५३८०६१ | 896.77 |
| सिफारिश दस्तुर | १००००० | ८१३४९ | 81.35 |
| व्यक्तिगत घटना दर्ता दस्तुर | २०००० | ६८५० | 34.25 |
| **जम्मा** | **400000** | **1404267.21** | **351.07** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **रसिद नियन्त्रण खाता**<br>रसिद नियन्त्रण खाता - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ । कार्यालयले राजश्व असूलीमा प्रयोग हुने रसिद को छपाई एवं गत विगतको बाँकी र यो वर्ष खर्च भई आगामी वर्षको लागि जिम्मेवारी सारेको तथा वडाहरूमा पठाएको रसिदको आम्दानी खर्च (उपयोग) खुल्ने अभिलेख रसिद नियन्त्रण खाता अद्यावधिक नगरेकोले राजश्व असूलीमा प्रयोग हुने रसिद उपर्युक्त ढङ्गवाट प्रयोग भएको छ भन्न सकिने आधार भएन । आम्दानी जस्तो संवेदनशिल विषयमा गम्भिर भई रसिदको प्रयोगलाई व्यवस्थित बनाइनुपर्दछ । | |
| १९ | | | **रकम ढिला दाखिला गर्ने ।**<br>रकम ढिला दाखिला गर्ने - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को दफा २७(१) बमोजिम प्रचलित कानून बमोजिम सरकारला‍ाइ प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नु पर्ने व्यवस्था छ । यस पालिका स्थानीय तह अन्तरगतका वडाहरूले कतिपय मासिक रुपमा र कतिपयले वर्षमा २/३ पल्ट मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ । | |
| २० | | | **व्यवसाय कर**<br>व्यवसाय कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । तर गाउँपालिकाले व्यवसाय कर उठाएको पाइएन । गाँउपालिका क्षेत्र भित्रका व्यवसायको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ। | |
| २१ | | | **मनोरञ्जन कर**<br>मनोरञ्जन कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शुल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७७।७८ मा नगरपालिकाले यस्ता प्रकारका कूनैपनि कर संकलन गरेको पाईएन । यस गाँउपालीकाको क्षेत्रभित्रबाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ । | |
| २२ | | | **कर्मचारी करार**<br>कर्मचारी करार – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा 7 जना कर्मचारीहरू करारमा राखी रु. 1973720.00 खर्च लेखेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **कर्मचारी प्रोत्साहन भत्ता**<br>कर्मचारी प्रोत्साहन भत्ताः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । गाउँ कार्यपालिकाले कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता लागू गर्ने सम्बन्धी कार्यविधि, २०७६ जारी गरेको छ । यो वर्ष विभिन्न पदका 8 कर्मचारीहरूलाई रु. 1482275.00 प्रोत्साहन भत्ता वितरण गरेको छ । पालिकाले कार्यविधिले तोके अनुसारका सुचकहरूको अभिलेख अद्यावधिक गरी राखेको पाइएन । त्यस्तो अभिलेख बेगर लेखेको खर्च मनासिब देखिएन । अतः यसरी खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनु पर्दछ । | |
| २४ | | | **खर्च शीर्षक फरक पारी खर्च**<br>खर्च शीर्षक फरक पारी खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ मा खर्च गर्ने अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शीर्षकमा परेको एवं खर्च गर्न बाँकी रहेको यकिन गरी खर्च गर्न वा खर्च गर्ने निकासा दिनुपर्ने उल्लेख छ । गाँउपालिकाले भौ.नं. 2-2077/6/26 बाट करार कर्मचारीको पारिश्रमिक वापत रु. 233760.00 अन्य सेवा शुल्क शीर्षकबाट खर्च लेख्नुपर्नेमा पारिश्रमिक शीर्षकबाट खर्च लेखेकोले नियम सम्मत नदेखिएको रु.233760 नियमसँगत गराउनुपर्ने देखिन्छ ।<br>**(यस कार्यालयको निर्णयानुसार उक्त कार्यालयको प्रतिक्रयाबाट उल्लेखित बेरुजु रकम फछ्यौट गरिएको )** | |
| २५ | | | **कर्मचारी सुविधा**<br>कर्मचारी सुविधा - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । यस पालिकाले जनप्रतिनिधि एवं कर्मचारीहरूलाई देहायबमोजिमको सुविधा दिने गरी कार्यापालिकाबाट मिति 2078/2/3 मा खर्च मापदण्ड-2078, स्वीकृत गरेको पाइयो । पालिकाले कर्मचारीहरूलाई संचार सुविधा एवं खाजा खर्च वापत निम्न बमोजिम खर्च गरेको छ । पालिकाको आन्तरिक श्रोतको आम्दानी न्यून रहेको हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ । | |

| सि.नं. | विवरण | दर | भौ.नं. र अवधि | कर्मचारी संख्या | खर्च रकम |
|---|---|---|---|---|---|
| 1. | संचार सुविधा (मासिक) | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | · प्रमुख प्राशसकीय अधिकृत | बिल बमोजिम | 156, 10७, 173, 248, 218 (2077 असोज देखि 2078 असार सम्म) | 18 देखि 29 जना सम्म | 139700.00 | |
| | | | | · सुचना अधिकारी | 1500 | | | | |
| | | | | · अधिकृत स्तरको शाखा प्रमुख | 800 | | | | |
| | | | | · अन्य कर्मचारी | 500 | | | | |
| | | | | · कार्यालय सहयोगी | 200 | | | | |
| | | | **2.** | **खाजा तथा चिया खर्च** | | | | | |
| | | | | · गाउँपालिकाका अध्यक्ष, उपा-ध्यक्ष, वडाका वडा अध्यक्ष तथा कर्मचारीलाई रुजु हाजिरीका आधारमा बिल बमोजिम | 100 | 293 (2078 आषाढ) | 22 जना कर्मचारी | 43000.00 | |
| | | | **जम्मा** | | | | | **182700.00** | |
| २६ | | | **पदाधिकारी सुविधा**<br>पदाधिकारी सुविधाः गण्डकी प्रदेश सभाबाट पारित गाउँसभा, नगरसभा, र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को दफा ३ अनुसार गाउँपालिका पदाधिकारी र सदस्यले आफू निर्वाचित भाइ पदभार ग्रहण गरेको मितिदेखि स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा अनुसूची बमोजिमको रकममा नबढ्ने गरी यस ऐनमा उल्लेख भएको सुविधा पाउने व्यवस्था छ । पालिकाले त्यस्तो सुविधा रु. 5542560.०० खर्च लेखेको पाइयो । यसरी पालिकाले पदाधिकारीलााइ सुविधा भुक्तानी गर्दा स्थानीय तहको आन्तरीक स्रोत रु. 1404267.00 मात्र देखिन्छ । ऐनको व्यवस्था बमोजिम आन्तरिक स्रोतको आधारमा मात्र अनुसूची बमोजिमको रकम मात्र सुविधा प्रदान गर्नुपर्दछ । | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **अनुदान फिर्ता**<br>अनुदान फिर्ता – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले संघीय सशर्त रु. 33215678.75, संघीय समपुरक रु. 10339365.00 र प्रदेश समपुरक रु. 617019.14 गरी जम्मा रु. 44172062.89 बाँकी रहेको अनुदान रकम मिति 2078/06/01 मा सम्बन्धित संचित कोषमा फिर्ता गरेको छ । | |
| २८ | | | **उपलब्धी विहिन खर्च**<br>उपलब्धी विहिन खर्च – लोमन्थाङ गाउँपालिकाको वडा नं. १-5 सम्म विद्युतीकरण कार्यका लागि कार्यालय र बलेवा भैरब निर्माण सेवा बाग्लुङ बिच मिति 2078/3/1 मा रु. 12771026.00 को ठेक्का सम्झौता भएकोमा नेपाल विद्युत प्राधिकरण तातोपानी वितरण केन्द्र, म्याग्दी, घरपबाट समेत सोही क्रियाकलापका लागि ठेक्का कार्य प्रारम्भ गरिसकेकोले दोहोरो पर्ने भएकोले निर्माण व्यावसायीको माग दाबी बमोजिम रु. 317000.00 क्षतिपूर्ति दिने गरि 2078/3/28 मा सुविस्ताको आधारमा ठेक्का तोडी निर्माण व्यवसायीलाई रु. 317000.00 भुक्तानी दिएको छ । साथै उक्त योजनाको डि.पि.आर तयारी कार्यमा जनकपुरधाम इन्जिनिरिङ्ग कन्सल्टेन्सी, धनुषालाई रु. 497200.00 भुक्तानी भएको छ । पालिकाले विद्युतीकरण गर्ने कार्यमा नेपाल विद्युत प्राधिकरणसँग समन्वय नगरी डि.पि.आर तयारी र ठेक्का सम्झौता गरी क्षतिपूर्ति समेत दिई उक्त योजनामा रु. 814200.00 खर्च गरेको हुँदा उक्त खर्च उपलब्धि विहिन भई गाउँपालिकालाई थप व्ययभार पर्न गएको रु. 814200 अनियमित भएको पाइयो । | ८१४,२०० |

| भौ.नं. र मिति | फर्मको नाम | विवरण | रकम |
|---|---|---|---|
| 111-2078/2/26 | जनकपुरधाम इन्जिनिरिङ्ग कन्सल्टेन्सी | डि.पि.आर तयारी | 497200 |
| 198-2078/3/3 | बलेवा भैरव निर्माण सेवा, बाग्लुङ | पोल ढुवानी, बैंक कमिसन खर्च | 317000 |
| | | | 814200 |


https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२९</td><td></td><td></td><td>

**बजेट विनियोजन**

बजेट विनियोजनः गाउँपालिकाले बजेट तर्जुमा तथा स्वीकृत गर्दा गाउँको समग्र विकास सम्बन्धी योजनालाई प्राथमिकिकरण गरी दिगो विकास सम्बन्धी योजनामा बजेट तर्जुमा गरी खर्च गर्नुपर्दछ । तर यस गाउँपालिकाले आर्थिक वर्ष २०७७।७८ को लागि २०७६।३।10 मा गाउँसभाबाट बजेट स्वीकृत गर्दा व्यक्तिगत जग्गा संरक्षण गर्नेखालका कार्यक्रम स्वीकृत गरी यो वर्ष सोही योजनामा देहाय बमोजिमको खर्च गरेको पाइयो । व्यक्तिगत जग्गा संरक्षण गर्न गाउँपालिकाबाट बजेट खर्च गरेको उपयुक्त देखिएन।

<table>
<tr><th>कार्यक्रमको नाम</th><th>स्थान</th><th>बजेट शीर्षक</th><th>बजेट विनयोजन</th><th>बजेट खर्च</th></tr>
<tr><td>तल्लो नेचुङ तारबार निर्माण</td><td>वडा नं. १</td><td>गा.पा. पुँजीगत</td><td>700000</td><td>672000</td></tr>
<tr><td>किम्लिङ ठे तारबन्धन</td><td>वडा न्. ४</td><td>गा.पा. पुँजीगत</td><td>900000</td><td>864000</td></tr>
<tr><td>ठिन्कर खेत पर्खाल निर्माण</td><td>वडा नं. ३</td><td>गा.पा. पुँजीगत</td><td>2000000</td><td>1896751</td></tr>
<tr><td>फुवा लुमे ढेते र सब्जो खेत पर्खाल निर्माण (तार जाली)</td><td></td><td>गा.पा. पुँजीगत</td><td>2500000</td><td>2500000</td></tr>
<tr><td>न्याम्दो खेतमा तारबार</td><td></td><td>गा.पा. पुँजीगत</td><td>2800000</td><td>901067.40</td></tr>
<tr><td></td><td></td><td>जम्माः</td><td></td><td>6833818.4</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>

**निर्माण सामग्रीको प्रयोग**

क ) निर्माण सामाग्रीको प्रयोग – सार्वजनिक खरिद ऐन तथा नियमावली को अधिनमा रही कुनै पनि सार्वजनिक निर्माण गर्दा स्थानीय स्तरमा उपलब्ध स्रोत साधनको प्रयोग गर्नुपर्दछ । पालिकाले वडा नं. ५ मा निर्माण भइरहेको ५ शैयाको आधरभुत अस्पताल भवन निर्माणको लागत अनुमान तयार गर्दा स्थानिय स्तरमा सजिलै उपलब्ध हुने ढुङ्गाको प्रयोग नगरी पोखरा तथा तराईका जिल्लामा उत्पादन हुने इट्टाको प्रयोग गरी लागत अनुमानको दर विश्लेषण गरेको पाइयो । यसरी स्थानीय स्तरमै सहजै उपलब्ध हुने स्रोत साधनको प्रयोग नगरी महंगो र सहजै उपलब्ध नहुने स्रोत साधन प्रयोग गरी लागत अनुमान तयार गर्दा कार्यालयलाई थप लागत पर्ने देखिन्छ । पालिकाले इट्टाको सट्टा स्थानीय स्तरमै उपलब्ध ढुङ्गा प्रयोग गरी दर विश्लेषण गर्दा सामाग्रीको खरिद र ढुवानी समेत मितव्ययी हुने देखिन्छ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ख ) दर विश्लेषणको आधार – सार्वजनिक खरिद नियमावली, 2064 को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धी नर्म्स बमोजिम लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले ५ शैयाको अस्पताल भवन निर्माण कार्यको लागत अनुमान तयार गर्दा Providing and lying with Approved Quality 1st Class Local Chimny Made Half Brick Wall in Cement, Sand, Mortar (1:4) कार्यको लागी दर विश्लेषण गर्दा नर्मसको आधार नखुलाई रु. 3831.23 प्रति वर्ग मिटर दर राखी कुल 397.01 वर्ग मिटरको रु. 2670395.09 को लागत अनुमान तयार गरेको पाइयो। Half Brick Wall in Cement, Sand, Mortar (1:4) को स्वीकृत नर्म्स पेश हुन आएन । कार्यालयले लागत अनुमान गर्नु पर्दछ ।<br><br>ग ) पि.सि.सि. फर आर.सि.सि (एम 25) कार्य - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(३) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा सिमेन्ट, फलामे डण्डी, जि.आई.वायर र यस्तै अन्य निर्माण सामग्रीको दरभाउ निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भवन निर्माण (सिभिल) कार्यको दररेट विश्लेषण सम्बन्धित नर्म्सको सिमेन्ट कंक्रिटको काम नर्म्स नं. ७-4ख अनुसार पि.सि.सि. १:1.5:3 को दररेट विश्लेषण गर्दा रु. 21583.14 प्रति घन मिटर दर निर्धारण गरेकोमा मिक्चरको प्रयोग गरी पि.सी.सी कार्य गर्ने नर्म्स अनुसारको दर प्रति घन मिटर रु. 26741.85 राखि लागत अनुमान तथा बोलपत्रको बि.ओ.क्यूमा समावेश गरेको पाइयो । प्राविधिकबाट प्राप्त जानकारी अनुसार यस स्थानमा हालसम्म मिक्चरको प्रयोग नभएको र यस अवस्थामा मिक्चरको प्रयोग गर्ने नर्म्स प्रयोग गरेको कारणबाट प्रति घन मिटर रु. 5158.71 बढी राखी जम्मा ४४६.26 घन मिटरको कुल रु. 2302125.92 थप हुने गरि लागत अनुमान तयार गरेको पाईयो । सो कार्यको लागि निर्माण व्यवसायीले प्रति घ.मी. रु. 21000.00 कबोल गरेको छ । पालिकाले लागत अनुमान तयार गर्दा नर्म्स एवं दररेटलाई विशेष ध्यान दिई तयार गर्नु पर्दछ ।<br><br>घ ) फरक दरबाट लागत अनुमान - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(३) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा सिमेन्ट, फलामे डण्डी, जि आई वायर र यस्तै अन्य निर्माण सामग्रीको दरभाउ निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । पालिकाले वाईन्डिङ्ग वायरको काँस्की जिल्लाको दररेट रु ९० प्रति कि.ग्रा. लाई आधारमानी सो दरमा पोखरादेखि निर्माण स्थल सम्म ढुवानी गरेको प्रति कि.ग्रा. रु २४.८२ दुवानी जोडि प्रति कि ग्रा रु ११४.८२ निर्धारण गरेकोमा दररेट निर्धारण गर्दा प्रति कि.ग्रा. रु १२७.४६ राखी दर विश्लेषण गरेको पाईयो । यसरी आफैले निर्धारण गरेको दर भन्दा प्रति कि.ग्रा. रु १२.६४ बढि दर राखी दर विश्लेषण गर्दा आयोजनाको लागत बढ्न गएको छ । पालिकाले देहायका आयोजनाहरूमा रिईन्फोर्समेन्टको लागत अनुमान गर्दा प्रति मेट्रिकटन १० कि ग्रा वाईन्डिङ्ग वायर लाग्ने गरी दररेट विश्लेषण गरेको छ। यसरी स्वीकृत दर भन्दा बढी राखी लागत अनुमान तयार गर्दा कार्यालयलाई देहायअनुसार थप व्ययभार परेको छ । | |

| सि नं | आयोजना | परिमाण | ईकाई | राखेको दर | राख्नु पर्ने दर | फरक | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | किमलिङ युनिफाईड स्कुल | ४४६.१ | कि ग्रा | १२७.४६ | ११४.८२ | १२.६४ | ५६३८.७० | | |
| | | | | २ | ५ शैया अस्पताल भवन | ६८५.५ | कि ग्रा | | | | ८६६४.७२ | | |
| | | | | **जम्मा** | | | | | | | **14303.42** | | |
| | | | | मू अ कर | | | | | | | 1859.44 | | |
| | | | | **कुल जम्मा** | | | | | | | **16162.86** | | |
| ३१ | | | **किमलिङ यूनिफाइड भवन निर्माण**<br>किमलिङ यूनिफाईड भवन निर्माण कार्य गर्न आर्थिक वर्ष २०७७/७८ मा रु. ३९४१३४२१.९३ (मू.अ.कर सहित) लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत गराउन प्रकाशित सूचना अनुसार दाखिला हुन आएका बोलपत्र मध्ये घटी अंक रु. ३५१४९६५८.४७ (१०.८२ प्रतिशत न्यून) कवोल गर्ने निर्माण व्यवसायी श्री बि.एन. जुम्ली त्रिशक्ति जे.भि. सँग उक्त २०७९/०९/३० भित्र सम्पन्न गर्ने गरि मिति २०७८/०२/२४ मा सम्झौता भएको देखिन्छ । उक्त ठेक्का कार्यका लागि निर्माण व्यवसायीलाई यस वर्ष मोबिलाइजेशन पेश्की वापत रु. ७००००००.०० मात्र भुक्तानी भएको छ । | | | | | | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२</td><td></td><td></td><td>
दर फरक पारी भुक्तानी<br>
दर फरक पारी भुक्तानी - निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई निर्माण कार्यको भुक्तानी गर्दा सम्झौतामा उल्लेख गरिएको दरका आधारमा भुक्तानी हुनुपर्दछ । पालिकाले विभिन्न उपभोक्ता समितिबाट निर्माण गरिएका निर्माण कार्यको भुक्तानी गर्दा पालिकाले नै उपभोक्ता समितिको लागि तयार पारिएको दर विश्लेषण भन्दा फरक दर राखि भुक्तानी गरेको पाइयो । यसरी दर विश्लेषणबाट उपभोक्ता समितिको लागि निर्धारण गरिएको दर भन्दा फरक पारी भुक्तानी गरिएका देहायअनुसारका आयोजनाहरूको बढी भुक्तानी सम्बन्धितबाट असुल गरी दाखिला हुनुपर्ने रु.<br>
( माथि उल्लेखित रकम मध्ये 31259.4 मात्र अशुल हुन बाँकि रहेको । )
<table>
<tr><th>उपभोक्ता समिति</th><th>आइटम</th><th>भएको दर</th><th>हुनुपर्ने दर</th><th>फरक</th><th>परिमाण</th><th>जम्मा</th></tr>
<tr><td>किमिलिङ्ग आमा समुह भवन निर्माण उ.स.</td><td>पि.सि.सि. १:2:४</td><td>23161.51</td><td>22181.34</td><td>980.17</td><td>15.74 घ.मी.</td><td>15427.88</td></tr>
<tr><td rowspan="2">छोसेर स्वास्थ्य चौकी फिनिसिङ उ.स</td><td>पि.सि.सि. १:2:४</td><td>23161.51</td><td>22181.34</td><td>980.17</td><td>13.42 घ.मी.</td><td>13153.88</td></tr>
<tr><td>स्टोन मेशोनरी 1:4</td><td>18123.09</td><td>17131.59</td><td>991.50</td><td>11.82</td><td>11719.53</td></tr>
<tr><td>लोमन्थाङ स्वास्थ्य चौकी भवन निर्माण उ.स</td><td>पि.सि.सि. १:1.5:3</td><td>27597.35</td><td>26798.77</td><td>798.58</td><td>17.17 घ.मी.</td><td>13711.62</td></tr>
<tr><td>भार्चा आमा समुह भवन निर्माण</td><td>पि.सि.सि. १:2:४</td><td>23161.51</td><td>22135.41</td><td>1026.10</td><td>5.68 घ.मी.</td><td>5828.25</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td></td><td></td><td>59841.16</td></tr>
</table>
छोसेर स्वास्थ्य चौकी, लोमाथांक स्वास्थ्य र भार्चा आमा समुह भवनको बेरुजु रकम रु ३१२५९ असुल भई आएकोले प्रतिक्रियाबाट हटाइएको ।
</td><td>२८,५८१.७६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३३</td><td></td><td></td><td>
हेभी ईक्क्युपमेन्टको प्रयोग<br>
हेभी इक्विपमेण्टको प्रयोगः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउँपालिका अन्तर्गत सञ्चालित देहायका आयोजनाहरूमा एक्साभेटर भाडा वापत रु 1867128.34 भुक्तानी भएको छ
<table>
<tr><th>सि.नं</th><th>आयोजनाको नाम</th><th>एक्साभेटर प्रयोग भएको निर्माण व्यवसायी</th><th>रकम</th></tr>
<tr><td>1.</td><td>हुई सिँचाइ कुलो निर्माण उ.स.</td><td>अमत विल्डर्स/अमित खाद्य स्टोर एण्ड सप्लायर्स</td><td>441875.20</td></tr>
<tr><td>2.</td><td>जिप पार्क निर्माण उ.स.</td><td>दामोदर कुण्ड कन्स्ट्रक्सन प्रा.ली.</td><td>499999.99</td></tr>
<tr><td>3.</td><td>चुङजुङ सिँचाइ कुलो निर्माण उ.स.</td><td>कोरला मुस्ताङ कन्स्ट्रक्सन प्रा.ली.</td><td>245253.15</td></tr>
<tr><td>4.</td><td>छोसेर सामुदयिक भवन बाटो निर्माण उ.स.</td><td>दामोदर कुण्ड कन्स्ट्रक्सन प्रा.ली.</td><td>575000.00</td></tr>
<tr><td>5.</td><td>दिप्ले काठ पुल निर्माण उ.स.</td><td>दामोदर कुण्ड कन्स्ट्रक्सन प्रा.ली.</td><td>105000.00</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>1867128.34</td></tr>
</table>
उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च**<br>पूँजीगत बजेटमा चालु प्रकृतिका खर्चः पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवं उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वियन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सीमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । यस गाउँपालिकाले पूँजीगत शीर्षकवाट घुम्ती विद्यालयको संचालन तथा व्यवस्थापन र कर्मचारीको तलव भत्ता खर्च बापत श्री दिव्यदिप माध्यमिक विद्यालय छसेर २ मुस्ताङलाई रु. ४००००० .00 पूंजीगत कार्यक्रमवाट भुक्तानी गरेको पाइयो । यसरी पुँजीगत शीर्षकबाट चालु प्रकृतिका खर्चहरू लेखेको अनियमित देखिएको रु.400000 नियमित गर्नुपर्ने<br><br>( उक्त अनियमित रकम गाउँसभाको बैठक बसी नियमित गरीएको ) | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **पेश्की जमानत**<br>1. पेश्की जमानत – सार्वजनिक खरिद नियमावली 2064 को नियम 113(३) मा निर्माण व्यवसायीलाई सम्झौतामा व्यवस्था भएबमोजिम पेश्की दिँदा निर्माण व्यवसायीबाट त्यस्तो पेश्की रकम खाम्ने गरी र निजले सम्झौता बमोजिम काम नगरेमा सो निकायले अनुरोध गरेपछी तत्काल त्यस्तो निकायलाई भुक्तानी गर्ने गरी बाणिज्य बैंकबाट जारी भएको बैंक जमानत लिई पेश्की दिनुपर्ने र उपनियम (4) मा त्यस्तो बैंक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फर्स्यौट गर्नुपर्ने अवधि भन्दा कम्तीमा १ महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । पालिकाले देहायका आयोजनाहरूमा पेश्की जमानत नराखी पेश्की रकम भुक्तानी गरेको पाइयो । यसरी पेश्की जमानत बिना भुक्तानी भएको पेश्की रकमलाई खाम्ने गरी पेश्की जमानत पेश हुनुपर्ने रु.<br><table><tr><th>आयोजना</th><th>निर्माण व्यवसायी</th><th>पेश्की</th><th>पेश्की फर्स्यौट</th><th>पेश्की बाँकी</th></tr><tr><td>लोमन्थाङ सिँचाइ तथा खा.पा. योजना</td><td>दामोदर कुण्ड कन्स्ट्रक्सन प्रा.ली</td><td>1900000</td><td>1900000</td><td>-</td></tr><tr><td>छोसेर सामुदायिक भवन निर्माण</td><td>बलेवा भैरव निर्माण सेवा</td><td>1685000</td><td>760000</td><td>925000</td></tr><tr><td>भार्चा आमा समुह भवन निर्माण</td><td>बलेवा भैरव निर्माण सेवा</td><td>1461000</td><td>467000</td><td>994000</td></tr><tr><td>जम्मा</td><td></td><td></td><td></td><td>1919000</td></tr></table>( यस कार्यालयको लेखा समितिको निर्णयानुसार नियमित भइ आएको । ) | |
| ३६ | | | **सार्वजनिक खरिद**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(३) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा सिमेन्ट फलामे डण्डी जि आई वायर आदि र यस्तै अन्य निर्माण सामग्रीको दरभाउ निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडा नम्बर ४ मा निर्माण भई रहेको किमलिङ्ग युनिफाईड स्कलको भवन निर्माण कार्यको दररेट विश्लेक्षण गर्दा Manually Mixed cement concrete PCC 1:3:6 for foundation को रु १४०९४.८७ निर्धारण भएको छ । निर्माण व्यवसायीले सो कार्यको प्रति घन मीटर रु. 12000.00 कबोल गरेको पाइयो। तर लागत अनुमानमा Ready Mix concrete (Machine made) PCC 1:3:6 in foundation को प्रति घ.मी. रु. १८६२८.८५ राखी लागत अनुमान तयार पारेको पाईयो । यसरी लागत अनुमान तयार गर्दा प्रति घ मि रु ४५३३.९८ बढी राखी निर्धारण गर्दा जम्मा ४२.५२ घ.मि.को रु १९२७८४.८३ बढि निर्धारण भएको छ । यसरी कार्यालयलाई बढि व्ययभार पार्ने गरि लागत अनुमान तयार पार्ने कार्यमा नियन्त्रण हुनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **विल भरपाइ**<br>विल भरपाईः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपा ाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने ब्यवस्था छ । पालिकाले गाउँपालिका पुँजीगतको भौ°नं° 121 मिति २०७८।३।01 पि.एण्ड पि. ट्रेडर्स (भ्याट नं. 304495304) बाट रु. 494990.00 मुल्यको ल्यापटप खरिद गरेकोमा छाया प्रति बीजक राखी भुक्तानी भएको छ ।पालिकाले नियमानुसार सो बीजकको सक्कल प्रति पेश गर्नुपर्ने देखिएको रु° 494990 को प्रमाण पेश गर्नुपर्ने ।<br><br>**(यस कार्यालयको निर्णयानुसार उक्त कार्यालयको प्रतिक्रयाबाट उल्लेखित बेरुजु रकम फछ्यौट गरिएको )** | |
| ३८ | | | **दर विश्लेषण**<br>दर विश्लेषण – सार्वजनिक खरिद नियमावली, 2064 को नियम 10 मा सार्जनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम (९) को अधिनमा रही तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले झिवा छोर्तेन देखि ढाकार्तन सम्म जाने बाटो मर्मत कार्यको लागत अनुमान तयार गर्दा ग्याबियन बक्समा ढुङ्गा भर्ने, स्टोन सोलिङ र ढुङ्गाको गाह्रो लगाउने कार्यको लागि आवश्यक ढुङ्गा ढुवानी गर्ने कार्यको लागि १ कि.मि.को लिड दिई ज्यामी द्वारा ढुवानी गर्ने दर विश्लेषण गरी लागत अनुमान तयार गरेको छ । उक्त कार्यको लागि उपभोक्ता समितिले पेश गरेको बिल भरपाई परीक्षण गर्दा ट्याक्टरबाट ढुङ्गा ढुवानी गरेको पाइयो । उपभोक्ता समितिले ढुङ्गा ढुवानी कार्य ट्याक्टरबाट गरेको तर प्राविधिकबाट लागत अनुमान तयार गर्दा ज्यामीद्धारा गर्ने गरी दर विश्लेषण गरेको कारण योजनाको लागत बढ्न गई कार्यालयलाई देहाय बमोजिम थप व्ययभार पर्न गएको रु. 487300 को प्रमाण पेश गर्नुपर्ने । | ४८७,३०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३९</td><td></td><td></td><td>जनश्रमदान<br>जनश्रमदान – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। जस अनुसार निम्न निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु.182089<br><br>(यस कार्यालयको निर्णयानुसार उक्त कार्यालयको प्रतिक्रयाबाट उल्लेखित बेरुजु रकम फछ्यौट गरिएको )<br>
<table>
<tr><th>गोभौनं./ मिति</th><th>उपभोक्ता समिति र काम</th><th>सम्झौता रकम</th><th>कार्य सम्पन्न रकम</th><th>उपभोक्ताले व्यहोर्ने %</th><th>उपभोक्ता समितिले व्यहोरेको रकम</th><th>घटी अनुपातिक कट्टी रकम</th></tr>
<tr><td>9-2077/6/26</td><td>झिवा छोर्तेन देखि ढाकार्तन सम्म जाने बाटो मर्मत उ.स.</td><td>3153063</td><td>3031026</td><td>9.61</td><td>276026</td><td>15256</td></tr>
<tr><td>31-2077/6/26</td><td>समजुङ आ.वि. भवन निर्माण</td><td>2359164</td><td>2151933</td><td>19.46</td><td>251933</td><td>166833</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>182089</td></tr>
</table></td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>जन श्रमदान<br>लेखापरीक्षणको क्रममा उक्त निर्माण कार्यको स्थलगत परीक्षण गर्दा ग्याबियन बक्सको बुनाई, ढुङ्गाको साईज तोकिएको स्पेशिफिकेसन अनुसार नहुनाको साथै ग्याबियन बक्स समेत लच्किएको हुँदा उक्त निर्माण कार्यमा सुधार गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४१</td><td></td><td></td><td>उपभोक्ता समिति दर्ता<br>उपभोक्ता समिति दर्ता — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न 51 उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु 59733828.00 भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरू स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरूले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>डिआरपी खर्चः<br>डीपीआर खर्च – बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।<br><br>यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरू कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।
<table>
<tr><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>स्वीकृत रकम</th><th>खर्च रकम</th><th>अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत</th></tr>
<tr><td>५ शैया अस्पतालको डी.पी.आर</td><td><table><tr><th>गोभौनं./मिति</th><th>उपभोक्ता समिति र काम</th><th>सम्झौता रकम</th><th>कार्य सम्पन्न रकम</th><th>उपभोक्ताले व्यहोर्ने %</th><th>उपभोक्ता समितिले</th><th>घटी अनुपातिक कट्टी रकम</th></tr></table></td><td>2000000</td><td>1797830</td><td>1947994.85</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | **व्यहोरेको रकम** | |
|---|---|---|---|---|---|---|
| 9-2077/6/26 | झिवा छोर्तेन देखि ढाकार्तन सम्म जाने बाटो मर्मत उ.स. | 3153063 | 3031026 | 9.61 | 276026 | 15256 |
| 31-2077/6/26 | समजुङ आ.वि. भवन निर्माण | 2359164 | 2151933 | 19.46 | 251933 | 166833 |
| | **जम्मा** | | | | | **182089** |

एप्पल इन्जिनिरिङ्ग प्रोफेशनल कन्सल्टेन्सी प्रा.ली

| | | | | |
|---|---|---|---|---|
| किम्लीङ्ग युनिफाइड स्कुल भवनको डी.पी.आर | सानो घर इन्जिनिरिङ्ग कन्सल्टेन्सी प्रा.ली | 500000 | 496635 | 499912.85 |
| लोमन्थाङ विद्युतिकरणको डी.पी.आर | जनकपुरधाम इन्जिनिरिङ्ग कन्सल्टेन्सी प्रा.ली | 500000 | 497200 | 499802.67 |
| **जम्मा:** | | | 2791665 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ४३ | | | **सवारी साधन खरिद**<br>सवारी साधन खरिद – अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले 4 थान दुई पांग्रे सवारि साधन खरिदमा रु. 1688220.00 खर्च गरेका छन् । | |
| ४४ | | | **ल्यापटप खरिद**<br>ल्यापटप खरिद - सार्वजनिक खरिद नियमावली, 2064 को नियम 115(१) सार्वजनिक निकायले आपुर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परिक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष ५ वडा ल्यापटप खरिदका लागि तयार पारेको स्पेशिफिकेशनमा ल्यापटपको स्टोरेज क्षमता कम्तिमा 512 जि.बि. एस.एस.डि हुनु पर्ने उल्लेख छ। तर ईलाइट इन्फोसिस, पोखराबाट खरिद गरी कार्यालयमा दाखिला भएका ल्यापटपहरुको प्राविधिक चेक जाँच प्रतिवेदन समावेश गरेको पाइएन । लेखापरीक्षकको क्रममा आपूर्ति भएका ५ थान ल्यापटपको प्राविधिक चेक जाँच गर्दा 512 जि.बि. एस.एस.डि हुनु पर्नेमा १ टि.बि एच.डि.डि. भएका ल्यापटप आपुर्ति भएको पाइयो । कार्यालयले तयार पारेको स्पेशिफिकेशन अनुसार आपुर्ति भएको नदेखिका ल्यापटपको रु. 499000.00 भुक्तानी नियम सम्मत नदेखिएको<br>**(यस कार्यालयको निर्णयानुसार उक्त कार्यालयको प्रतिक्रयाबाट उल्लेखित बेरुजु रकम फछ्यौट गरिएको )** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **शिक्षक दरबन्दी र पदपूर्ती**<br>शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका 10 सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरवन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थी सङ्ख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| १ | दिव्य दिप मा.वि. | १७ | १५ | ७ | ८५ | 1:5.67 |
| २ | राष्ट्रिय आ.वि. | १० | ९ | ३ | १५ | 1:1.67 |
| ३ | समजुङ आ.वि. | २ | २ | १ | ५ | 1:2.50 |
| ४ | बालकल्याण आ.वि. | २ | २ | २ | २ | 1:1.00 |
| ५ | सरस्वति आ.वि. | २ | २ | ० | 5 | 1:2.5 |
| ६ | दिव्य ज्ञान आ.वि. | २ | २ | १ | ६ | 1:3.00 |
| ७ | बुध्द आ.वि. | २ | २ | १ | २ | 1:1.00 |
| ८ | वीरेन्द्र आ.वि. | २ | २ | ० | ३ | 1:1.50 |
| ९ | भृकुटी आ.वि. | २ | २ | १ | ४ | 1:2.00 |
| १० | जनप्रभात आ.वि. | २ | २ | ० | ६ | 1:3.00 |
| | **जम्मा** | **४३** | **४०** | **१६** | **१33** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **विद्यालय समायोजन कार्यान्वयन**<br>विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको वुंदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको तथ्यांक संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकामा प्रति शिक्षक विद्यार्थी अनुपात १:1 देखि १:5.67 भएका 10 विद्यालय रहेको प्राप्त विवरणबाट देखिन्छ । ती 10 विद्यालयमा 133 विद्यार्थी अध्यापन गराउन 40 शिक्षकको तलब भत्ता वापत रु. 19974228.00 खर्च लेखेको छ। सो अनुसार प्रति विद्यार्थी रु. 150182.00 खर्च भएको छ । यसबाट प्रति विद्यार्थी लागत वढ्न गएको छ। भौगोलिक दुरी टाढा भएमा बालविकास केन्द्र स्थापना गरी न्यून विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ । कार्यलयको भनाईः हाल विद्यालय समायोजन भई सकेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | | | **हिमाली आवासीय छात्रावृत्ती**<br>हिमाली आवासीय छात्रवृत्तिः हिमाली क्षेत्रका आवासीय सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति अनुदान बापत श्री दिव्य दीप मा.वि. छोसेरलाई निम्न बमोजिम प्रति विद्यार्थी मासिक रु. 4000.00 का दरले देहाय बमोजिम रु 1512000.00 र घुम्ती विद्यालय अनुदान वापत रु. 489000.00 समेत रु. 2001000.00 अनुदान निकासा दिएकोमा एक शैक्षिक सत्रमा दोहोरो नपर्ने आधार, विद्यालयले पेश गरेको छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नामनामेसी सहितको विवरण, वितरणको निर्णय संलग्न नभएको एवं तोकिए अनुरुप उक्त अनुदान खर्च गरे नगरेको सम्बन्धमा अनुगमन गरेको देखिएन । तसर्थ छात्रावास सञ्चालन अवधिको छात्रावासमा रहेका विद्यार्थीको हाजिरी अभिलेख एवं उक्त अनुदान खर्च गरे नगरेको सम्बन्धमा पालिकाको अनुगमन प्रतिवेदन समेत पेश हुनुपर्ने रु.<br>**(यस कार्यालयको निर्णयानुसार उक्त कार्यालयको प्रतिक्रयाबाट उल्लेखित बेरुजु रकम फछ्यौट गरिएको )** | |

| भौ.नं. र मिति | विवरण | कोटा | महिना | रकम |
|---|---|---|---|---|
| 157-2078/3/15 | हिमाली आवासीय छात्रवृति | 54 | 7 | 1512000.00 |
| 157-2078/3/15 | घुम्ती विद्यालय अनुदान | नखुलेको | नखुलेको | 350000.00 |
| 235-2078/3/15 (गा.पा. चालु) | घुम्ती विद्यालय अनुदान | | | 139000.00 |
| **जम्मा** | | | | **2001000.00** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **बढी निकासा**<br>बढी निकासा – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २077 को नियम 39 मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । (गो.भौ.नं. 14-2077/6/26) श्री सरस्वति आधरभूत विद्यालयका शिक्षक श्री गणेश महर जिल्लान्तर सरुवा भएकोमा निजको रमाना पत्र अनुसार 2077 असोज मसान्त सम्मको तलब भत्ता भुक्तानी दिएको पाइयो । निज शिक्षकको नाममा 2077 श्रावण देखि 2077 कार्तिक सम्म तलब, भत्ता र स्थानीय भत्ता उक्त विद्यालयमा निकासा दिएकोले 2077 कार्तिकको बढी निकासा भएको रु. 38171.00 असुल गर्नुपर्ने देखियो ।<br><br>**(यस कार्यालयको निर्णयानुसार उक्त कार्यालयको प्रतिक्रयाबाट उल्लेखित बेरुजु रकम फछ्यौट गरिएको )** | |
| ४९ | | | **जिन्सी दाखिला**<br>जिन्सी दाखिला – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 95 मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा जुनसुकै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु, गराउनु पर्ने व्यवस्था छ । गो.भौ.नं. 173-2078/3/23 पालिकाले विद्यालयमा भौतिक गुणस्तर सुदृढ्धिकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गतको शिक्षण सिकाईको आइ.सि.टि. प्रयोगका लागि अनुदान वापत श्री राष्ट्रिय आधारभुत विद्यालय, लोमन्थाङलाई रु. 650000.00 अनुदान निकासा दिएकोमा विद्यालयले स्किल नेट प्रा.लि., पोखराबाट मिति 2078/3/21 मा खरिद गरेको प्रिन्टर, ल्यापटप लगायतको सामाग्रीको जिन्सी दाखिला प्रतिवेदन पेश भएको देखिएन । तसर्थ उक्त सामानहरू दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु. 499406<br>**(यस कार्यालयको निर्णयानुसार उक्त कार्यालयको प्रतिक्रयाबाट उल्लेखित बेरुजु रकम फछ्यौट गरिएको )** | |
| ५० | | | **सार्वजनिक खरिद**<br>खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको । | |
| ५१ | | | **आ ौषधी बिक्री सम्बन्धी प्रमाण**<br>आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२ | | | **आम्दानी बाँध्ने सम्बन्धमा**<br>औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको । | |
| ५३ | | | **मालसामानको स्टोर दाखिला सम्बन्धमा**<br>आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |
| ५४ | | | **अौषधी खरिद**<br>औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरू जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५५ | | | **प्रधानमन्त्री रोजगार कार्यत्रम**<br>प्रधानमन्त्री रोजगार कार्यक्रम – स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस वर्ष विपन्न श्रमिकको ज्याला वितरण गर्नको लागि रु. 5199000.00 बजेट व्यवस्था भएकोमा खर्च गरेको पाइएन । पालिकाले स्वीकृत कार्यक्रम अनुसार विपन्न श्रमिकहरूलाई सुचिकृत गरी रोजगारीको सृजना गर्न विशेष ध्यान दिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **बढी भुक्तानी**<br>बढी भुक्तानी - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा १५ (२) मा भत्ता खाइपाई आएको कनै व्यक्तिको मृत्यु भएमा मृत्यु भएको दिन सम्मको भत्ता मृतकको नजिकको हकवालालाई भुक्तानी दिने भनी उल्लेख छ । यस गाउँपालिकाका निम्न मृतकलाई मृत्यु भए पश्चात पनि निम्न बमोजिम भत्ता वितरण गरेको देखिएकोले असुल गरी बेरुजू खातामा दाखिला गर्नुपर्ने रु. 58300 असुल गर्नुपर्ने ।<br>**(यस कार्यालयको निर्णयानुसार उक्त कार्यालयको प्रतिक्रयाबाट उल्लेखित बेरुजु रकम फछ्यौट गरिएको )** | |

| **वडा नं.** | **किस्ता** | **सामाजिक सुरक्षाको किसिम** | **लाभग्राहीको नाम** | **नागरिकता नं.** | **मृत्यु मिति** | **पाएको** | **पाउनु पर्ने** | **बढी** |
|---|---|---|---|---|---|---|---|---|
| 3 | सबै | जेष्ठ नागरीक | ढोका गुरुङ | 908/63910542 | नाम काटिएको तर मृत्यू मिति नखुलेको | 36000 | 0 | 36000 |
| 3 | 3 | जेष्ठ नागरीक | तोप्के गुरुङ | 870/0525 | 2078/3/15 | 12000 | 10500 | 1500 |
| 3 | 3 | जेष्ठ नागरीक | उर्किन साङमो गुरुङ | 925/63910561 | 2078/2/2 | 12000 | 6200 | 5800 |
| 3 | 3 | जेष्ठ नागरीक | सोनाम छेन्जोम बिष्ट | 63912081 | 2078/2/15 | 12000 | 7500 | 4500 |
| 5 | 3 | जेष्ठ नागरीक | तशी आङ्मो गुरुङ | 643/1472 | 2077/12/15 | 12000 | 1500 | 10500 |
| **जम्मा** | | | | | | | | **58300** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **सोझै खरिद**<br>सोझै खरिद – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोभैm गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । पालिकाहरूले यो वर्ष निम्न पूँजीगत प्रकृतिका सामानहरू खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाई सोझै खरिद गरेको अनियमित देखिएको रु.2487271 नियमित गर्नुपर्ने ।<br><br>**(यस कार्यालयको निर्णयानुसार उक्त कार्यालयको प्रतिक्रयाबाट उल्लेखित बेरुजु रकम फछ्यौट गरिएको )** | |
| ५८ | | | **पारदर्शिता**<br>पारदर्शिता - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०77 को दफा ३2 मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धि जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा गाउँकार्यपालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ । | |
| ५९ | | | **नविकरण**<br>नविकरण - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि 2077 को दफा 4 मा पालिकाले प्रत्येक आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीको नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षमा कार्तिक मसान्तभित्र लाभग्राहीको नविकरणको अभिलेख अनिवार्य रुपमा प्रणालीमा अद्यावधिक गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले केही लाभग्राहीको नविकरण गरिएको पाइएन । नविकरण नभएको लाभग्राहीहरूको नविकरण गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६० | | | **लाभग्राहीको अभिलेख**<br>लाभग्राहीको अभिलेख – सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ को दफा 10 मा लाभग्राहीहरूको फोटो सहितको मुल अभिलेख नियमावलीको अनुसूची 3 बमोजिम लक्षित समूहअनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नु पर्ने व्यवस्था छ । यस गाउँपालिका कार्यालयले आर्थिक बर्ष २०७7।७8 मा वितरण गरेको सामाजिक सुरक्षा भता वितरण केही लाभग्रहिहरूको जन्म मिति, नागरिकता नम्बर, परिचय पत्र नम्बर र आमा-बाबुको नाम समेत उल्लेख गरेको देखिएन । यसरी भत्ता वितरण गर्दा वास्तविक लाभग्राही हरूले पाएको हो होइन भन्ने प्रष्ट आधार देखिएन । अत कार्यालयबाट वितरण गरिने सामाजिक सुरक्षा भत्ता वितरण भरपाईमा अनुसुची-५ मा उल्लेख भए बमोजिमको जन्म मिति, नागरिक्ता नम्बर र परिचय पत्र नम्बर प्रविष्ट गरी वितरण अद्यावधिक गर्नुपर्दछ । | |
| ६१ | | | **अनुगमन तथा निरिक्षण**<br>अनुगमन तथा निरीक्षण - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा यस पालिकाले सो कार्य गरेको पाइएन । यस तर्फ पालिका क्रियाशिल हुनुपर्ने देखिन्छ । | |
| ६२ | | | **सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि**<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १४(४) मा गाउँपालिकाले को.ले.नि.का मा भत्ता वापतको रकम निकासा माग गर्दा अनिवार्य रुपमा अघिल्लो चौमासिकको हिसाव मिलानको विवरण पेश गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले निकासा माग गर्दा हिसाव मिलानको विवरण पेश गर्ने गरेको पाइएन। अतः कार्यविधिमा भएको व्यवस्था बमोजिम अघिल्लो चौमासिकको हिसाव मिलान विवरण पेश गरी निकासा माग गर्ने तर्फ गाउँपालिकाको ध्यान जानु पर्दछ । | |
| ६३ | | | **विल भरपाइ**<br>null | ४९९,००० |
| ६४ | | | **समिति गठन**<br>समिति गठनः विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले ऐनमा तोकिए बमोजिमको समिति गठन गरेको पाइएन । ऐनमा व्यवस्था भए बमोजिम गठन गरी समितिला ्इ तोकिएको काम, कर्तव्य र अधिकार कार्यन्वयनमा सक्रिय बनाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६५ | | | **विपद् व्यवस्थापन कोष**<br>विपद् व्यवस्थापन कोषः विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले विपद् व्यवस्थापन कोषको स्थापना भएको पाईएन । कोभिड १९ नियन्त्रण तथा व्यवस्थापनका लागि प्रकोप व्यवस्थापन कोषबाट खर्च गर्ने गरेको पाइयो। | |
| ६६ | | | **पेश्की बाँकी**<br>पेश्की बाँकी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिने र फर्स्योट सम्बन्धि व्यवस्था छ । पालिकाले आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण कार्यको लागि दिएको म्याद ननाघेको मोविलाईजेसन पेश्की आर्थिक वर्षको अन्तमा बाँकी रहेकोले नियमानुसार फर्स्योट हुनु पर्ने देखिन्छ | |

| सि.नं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | सम्झौताको म्याद | जम्मा |
|---|---|---|---|---|---|
| १ | २०७८/०२/०३ | ९९ | बलेवा भैरव निर्माण सेवा | २०७८/०३/०७ | ९२५००० |
| २ | २०७८/०२/०३ | १०१ | बलेवा भैरव निर्माण सेवा | २०७८/०३/०७ | ९९४००० |
| 3 | २०७८/०३/२८ | २८ | बि.एन. जुम्ली त्रिशक्ति जे.भि. | २०७८/०४/३२ | ३५०००००० |
| 4 | २०७८/०३/३० | १९२ | बि.एन. जुम्ली त्रिशक्ति जे.भि. | २०७८/०५/०२ | ३५०००००० |
| 5 | 2078/3/23 | 3 | डाँफे हरी सन्त जे.भी. | 2080/02/23 | 5202170 |
| **जम्मा** | | | | | **१४१२११७०** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६७ | | | **वस्तुगत सहायता**<br>वस्तुगत सहायताः गाउँपालिकाले कोभिड-रोग नियन्त्रण तथा प्रभावित जनतालाई राहत वितरणको लागि चीन सरकारसँग देहाय बमोजिमको वस्तुगत सहायता माग गरेकोमा पालिकाका पदाधिकारीबाट उक्त सामानहरू प्राप्त भई वितरण भएको जानकारी हुन आयो । प्राप्त वस्तुगत सहायताको मूल्यांकन गरी सो समेत समावेश गरी वित्तीय विवरण तयार गर्नु पर्नेमा सो अनुसारको वित्तीय विवरण तयार गरेको छैन। साथै प्राप्त राहत सामाग्री गाउँपालिकाले जिन्सी आम्दानी बाँधी वितरण गरेको अभिलेख व्यवस्थित गरेको पाइएन । राहत सामाग्रीको आम्दानी तथा वितरण अभिलेख व्यवस्थित नहुंदा प्राप्त सामाग्रीको सही सदुपयोग भए, नभएको सम्बन्धमा एकिन गर्न सकिएन । | |
| ६८ | | | सम्परीक्षण<br>अनुगमन तथा सम्परीक्षण – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ | |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| 12289 | 7868 | 4421 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६९ | | | अनुगमन तथा सम्परीक्षण<br>सम्परीक्षण - पालिकाले रु. 11647595.00 बेरुजू फर्स्यौंट गरी सम्परीक्षणको लागि अनुरोध गरेको मध्ये देहाय बमोजिम रु. 7868176.00 सम्परीक्षण गरी बाँकी रकम रु. 3779419.00 को आवश्यक प्रमाण कागजात नपुगेको कारण फिर्ता गरिएको छ । | |

| आ. व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्यौंटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|
| | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| 2075/ 76 | 25 | टुक्रा-टुक्रा कार्य | | | 3200000 | | 3200000 |
| 2075/ 76 | 36 | घुम्टी विद्यालय हिउदे कक्षा संचालन | | 700000 | | | 700000 |
| 2076/ 77 | 22 | बढी भुक्तानी आयुर्वेद तर्फ स्थानीय भत्ता | 2230 | 10106 | | | 12336 |
| 2076/ 77 | 23 | जिन्सी अभिलेख | | 239484 | | | 239484 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | 2076/ 77 | 24 | बिल भरपाई (शैक्षिक विकास अनुसन्धान परामर्श) | | 194852 | | | 194852 | | |
| | | | | 2076/ 77 | 27 | बढी निकासा निशुल्क पाठ्यपुस्तक | 13902 | | | | 13902 | | |
| | | | | 2076/ 77 | 30 | आवासिय छात्रवृति (दिव्यदिप मा.वि.) | 816000 | 1904000 | | | 2720000 | | |
| | | | | 2076/ 77 | 31 | बिल भरपाई (सफ्टवेयर खरिद) | 1185 | 20000 | | | 21185 | | |
| | | | | 2076/ 77 | 33 | खर्च शीर्षक फरक पारी खर्च | | | 363605 | | 363605 | | |
| | | | | 2076/ 77 | 35 | सामाजिक सुरक्षा भत्ता बढी निकासा | | *292000 | | | 292000 | | |
| | | | | 2076/ 77 | 36 | पदाधिकारी सुविधा बढी भुक्तानी | 110812 | | | | 110812 | | |
| | | | | | | **जम्मा** | | | | | **7868176** | | |